# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## शहीद दिवस २०७८ को शुभकामना !

शहीद दिवस २०७८ को सन्दर्भमा राष्ट्र,राष्ट्रियता,स्वतन्त्रता,समानता,नागरिक हक अधिकारको रक्षा लगायतका न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

निरंकुश तानाशाही व्यवस्था विरुद्धको संघर्षमा आफ्नो जीवन बलिदान गर्ने महान शहीदहरु शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति सम्मान व्यक्त गर्दै हरेक वर्ष माघ १६ गते शहीद दिवस मनाउने गरिएको छ । आजको दिन शहीदहरुलाई सम्झिरहँदा देश र जनताको हितका निम्ति प्राप्त गरेका उपलब्धिहरु शहीदहरुको बलिदानबाट मात्र सम्भव भएको तथ्यलाई स्मरण गर्दै उहाँहरुको जीवन उत्सर्गले आलोकित मार्गमा हिड्नका लागि प्रेरित हुने र उहाँहरुको सपना साकार पार्न प्रण गर्ने दिनका रुपमा सम्झनु पर्दछ । नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि प्राण आहुती दिनुहुने वीर शहिदहरुलाई एक दिन मात्र सम्झिएर उहाँहरुले देख्नुभएको सपना साकार पार्न सकिदैन । शहीदहरुले गर्नुभएको संघर्ष र त्यागको मर्मलाई हामीले सदैव आत्मसात गर्नुपर्दछ ।

समावेशीता र संघीयता सहितको लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात समृद्ध नेपाल निर्माण गर्ने शहीदहरुको सपना पूरा गर्न, योजनाबद्ध रुपमा देश र जनताप्रति समर्पित भएर लाग्नका लागि सम्बन्धित सम्पूर्ण पक्षहरुलाई प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै, हाम्रो देशको इतिहासको विभिन्न कालखण्डमा भएका संघर्षहरु, राणा शासनको अन्त्य, पञ्चायती व्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्ने आन्दोलनको अग्रपंतिमा रहेर लड्दालड्दै आफ्नो जीवन, देश र जनताको लागि समर्पण गर्नुहुने वीर शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै पुन : उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२०७८ माघ १६ गते आईतबार

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख